This file has been cleaned of potential threats.

If you confirm that the file is coming from a trusted source, you can send the following SHA-256 hash value to your admin for the original file.

474d5e79611f0728e77273ea7499c848759dc41610f496e3fd2cc77fdd9733eb

To view the reconstructed contents, please SCROLL DOWN to next page.

सामाजिक
# सुरक्षा खबर
सामाजिक सुरक्षा कोष
Social Security Fund
सामाजिक सुरक्षा कोषको मासिक प्रकाशन

MAY-JUNE 2020 |Vol. 2 जेष्ठ, २०७७ www.ssf.gov.np

# कोषमा जम्मा गर्नुपर्ने रकम लकडाउन अवधिभरका लागि नेपाल सरकारले व्यहोर्ने




श्रमिक तथा रोजगारदाताको तर्फबाट सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्ने रकम लकडाउन अवधिभरका लागि नेपाल सरकारले ब्यहोर्ने व्यवस्था मिलाएको छ। जस अन्तर्गत चैत्र महिनाको २४,२७८ योगदानकर्ताको रु. १३ करोड २० लाख ७ हजार ९ सय ६७ जम्मा भइसकेको र बाँकी योगदानकर्ताको रकम समेत जम्मा हुने प्रकृयामा रहेको छ। आ.व. २०७७/७८ को बजेट प्रस्तुत गर्ने क्रममा अर्थमन्त्री युवराज खतिवडाले सो रकम सम्बन्धित प्रतिष्ठानले तत्काल श्रमिकको पारिश्रमिक भुक्तानिका लागि सापटिको रुपमा समेत प्राप्त गर्न सक्ने व्यवस्था गरिएको बताए तापनि हालसम्म कोषबाट ऋण सापटि भने कुनै पनि रोजगारदाताद्वारा माग गरिएको छैन। सरकारको यस निर्णयबाट योगदानकर्ता श्रमिक तथा रोजगारदातालाई ठुलो राहत पुगेको छ।

## लकडाउनले बढायो सामाजिक सुरक्षामा आकर्षण

### थपिए साढे तीन सय कम्पनीका ३४ हजार योगदानकर्ता


काठमाडौं। सामाजिक सुरक्षा कोषमा आबद्ध हुन पटकपटक आग्रह गर्दा पनि अनिच्छुक देखिएका कम्पनीहरू अहिले धमाधम सामाजिक सुरक्षा योजनामा आबद्ध हुन थालेका छन्।

कोभिड–१९ का कारण व्यवसाय प्रभावित हुँदा श्रमिकको दायित्व वहन गर्न निजी प्रतिष्ठानहरूलाई अप्ठ्यारो पर्दै गएपछि लकडाउन अघिसम्म आनाकानी गरिरहेका होटेल, बैंक वित्तीय, एयरलाइन्सलगायत क्षेत्र सामाजिक सुरक्षा योजनामा सहभागी हुने क्रम बढेको छ। कोरोनाले नराम्ररी थला परेका ठूला होटेलहरू अहिले सामाजिक सुरक्षा योजनामा सहभागी हुन थालेका छन्। याक एन्ड यती, होटेल हिमालयन, गोदावरी फरेस्ट रिसोर्ट, एयरपोर्ट होटेल, होटेल र्‍याडिसन, होटेल अन्नपूर्ण, होटेल रोयल सिंगीलगायत राजधानीमा रहेका

.............................................बाँकी पेज २ मा

## भित्र................................

मन्त्रालयका सामाजिक सुरक्षा माहाशाखा प्रमुखसंगको विशेष कुराकानी ........................... पेज नं. ४
क्यानाडामा सामाजिक सुरक्षा : एक दृष्टि ............................ पेज नं. ३
अनलाइन प्रणालीसंग सम्बन्धित बारम्बार सोधिने प्रश्नहरु ........................... पेज नं. ७
अनौपचारिक क्षेत्रका श्रमिक एवं सार्वजनिक निकायमा कार्यरत अस्थायी र करार कर्मचारीलाई कोषमा आबद्ध गरिने ..................... पेज नं. ६
औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना बारे विस्तृत जानकारी ........................... .पेज नं. ९
सामाजिक सुरक्षा कोषसँग सम्बन्धित करमा नयाँ व्यवस्था ............................पेज नं. ६



# वैदेशिक रोजगारीमा जानेलाई सामाजिक सुरक्षा योजनामा समेटिने



सरकारले वैदेशिक रोजगारीमा जाने युवाहरूलाई पनि सामाजिक सुरक्षा योजनामा समेट्ने नीति लिएको छ। सबै नेपालीको जीवन सुरक्षित, मर्यादित तथा गुणस्तरीय बनाउन वैदेशिक रोजगारीमा जाने युवालाई पनि सामाजिक सुरक्षा योजनामा समेट्ने नीति सरकारले लिएको जनाएको हो। त्यस्तै स्वरोजगार र अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई पनि सामाजिक सुरक्षा योजनामा समेट्ने योजना सरकारले राखेको छ। सरकारले सामाजिक सुरक्षालाई दिगो बनाउने नीति अघि सारेको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। सामाजिक सुरक्षा कोषले पनि स्वरोजगार, अनौपचारिक क्षेत्रका श्रमिकहरू तथा वैदेशिक रोजगारीमा जाने नेपालीहरुलाई सामाजिक सुरक्षा योजनाको दायरामा समेट्ने ढंगले आगामी रणनीतिक योजनाको तयारी गरिरहेको छ। बैदेशिक रोजगारसंग सम्बन्धित केहि ऐनहरु संसोधन भएर आएपछि सामाजिक सुरक्षा कोषले यस सम्बन्धमा आवश्यक कार्यहरु अगाडी बढाउने कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले जानकारी दिनुभयो।

**लकडाउनले बढायो सामाजिक सुरक्षामा........................**

डेढ सय ठूला होटेल सामाजिक सुरक्षा योजनामा सूचीकृत भइसकेको सामाजिक सुरक्षा कोषले जानकारी दिएको छ।लकडाउनले प्रभावित हवाई कम्पनीहरू पनि लकडाउनका बेला धमाधम सामाजिक सुरक्षा कोषमा सहभागी भएका छन्। आन्तरिक वायु सेवाका बुद्ध एयर, यति एयरलाइन्स, हिमालयन एयरलाइन्स, श्री एयरलाइन्स, सौर्य एयरलाइन्स, सिम्रिक एयर, सीता एयर आदि कम्पनी सामाजिक सुरक्षा योजनाको दायरामा आएका हुन्।लकडाउनका बेला बैंकिङ क्षेत्रको समेत सामाजिक सुरक्षा कोषमा सहभागिता बढेको छ। ग्लोबल आईएमई, प्रभु, जनता, लक्ष्मी, मेगा, नबिल, इन्भेस्टमेन्ट, सिभिललगायत बैंक सामाजिक सुरक्षा कोषमा गएका छन्।महाविपत्तिका बेला आफ्ना प्रतिष्ठानमा आबद्ध श्रमिकहरूको दायित्व वहन गर्न अप्ठ्यारो परेकै कारण सामाजिक सुरक्षा कोषमा सहभागी हुनेको संख्या अहिले ह्वात्तै बढेको हुन सक्ने कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले बताए। 'विशेषगरी होटेल, हवाई क्षेत्रहरू कोरोनाले ठप्प हुन पुगे त्यसैले पनि अन्य क्षेत्रको तुलनामा यी क्षेत्रको सहभागिता उच्च छ,' ज्ञवालीको भनाइ छ।

होटेलहरूको छाता संगठन होटेल एशोसिएशन अफ नेपाल (हान) का वरिष्ठ उपाध्यक्ष विनायक शाहले महाविपत्मा राज्यले सामाजिक सुरक्षामार्फत गरेको राहत कार्यक्रमले आफूहरूलाई ठूलो सहयोग पुगेको बताए। उनका अनुसार पछिल्लो समय होटेलहरूले सामाजिक सुरक्षा कोषमा दर्ता हुन प्रक्रिया अघि बढाएका छन्। 'दर्ता भएका र दर्ता हुन बाँकी होटेल कम्पनीहरू र त्यहाँ कार्यरत प्रायः श्रमिक नियमानुसार फागुनसम्मको योगदान गर्न तयार छौं, सरकारले लकडाउनभरको योगदान रकम जम्मा गर्न आनाकानी गर्नु हुँदैन,' उनले भने। सरकारले लकडाउन अवधिभर सहयोग गरे संस्थागत निर्णय गरेरै हानमा आबद्ध सबै सदस्यलाई अनिवार्य रूपमा सामाजिक सुरक्षामा जान अनुरोध गर्ने एयरपोर्ट होटेलका सञ्चालकसमेत रहेका शाहले बताए।

सामाजिक सुरक्षा कोषका अनुसार जेठ २२ सम्ममा १२ हजार ४ सय प्रतिष्ठानमा कार्यरत १ लाख ६० हजार योगदानकर्ता सूचीकृत भएका छन् भने योगदानकर्ताको १ अर्ब १८ करोड कोषमा जम्मा भइसकेको छ। लकडाउनभरको योगदान रकम असारभित्रै सरकारले कोषमा जम्मा गर्दै छ। २०७६ माघ अन्तिमसम्म १२ हजार १ सय ३५ प्रतिष्ठानमा कार्यरत १ लाख ४४ हजार योगदानकर्ता कोषमा आबद्ध भएका थिए। लकडाउनले आर्थिक गतिविधि ठप्प हुँदा निजीक्षेत्र मारमा परेकाले राहतस्वरूप लकडाउनभरको श्रमिक र प्रतिष्ठानले सामाजिक सुरक्षा कोषमा गर्नुपर्ने योगदान रकम सरकारले बेहोर्ने घोषणा गरिसकेको छ। कोषले असारभित्रै अर्थ मन्त्रालयसँग श्रमिकको बाँकी रकम माग्ने कार्यकारी निर्देशक ज्ञवालीको भनाइ छ।

'सरकारले लकडाउन अवधिको श्रमिक र रोजगारदाताले तिर्नुपर्ने सामाजिक सुरक्षा कोषको रकम तिरिदिने घोषणा गरिसकेको छ, लकडाउनभरको योगदान रकम श्रमिक, रोजगारदाताबाट उठाउने कुरै आउँदैन। सामाजिक सुरक्षा कोषले अर्थ मन्त्रालयसँग लकडाउनभरको बाँकी योगदान रकम असारभित्रै माग्नेछ,' ज्ञवालीको भनाइ छ।गत चैत १६ गते बसेको मन्त्रिपरिषद् बैठकले कोषमा आबद्ध श्रमिकको चैत महीनाको रकम जम्मा गर्ने निर्णय गरेको थियो। सोही निर्णय अनुसार अर्थ मन्त्रालयले कोषलाई १८ करोड ६७ लाख भुक्तानी गरिसकेको छ।

(source: https://www.abhiyandaily.com/newscategory-detail/368732)

# क्यानडामा सामाजिक सुरक्षा : एक दृष्टि

रोशन कोजू
निर्देशक, सा.सु.कोष

*उत्तर अमेरिकी मुलुक क्यानडा विभिन्न कारणले नेपालीहरु माझ परिचित छ । विश्वमा सामाजिक सुरक्षा कार्यक्रम लागू गर्ने पहिलो देशहरुमा क्यानडाको नाम पनि आउने गर्दछ । क्यानाडामा ब्रिटिशहरुको उपनिवेश रहँदानै सन् १८६७ मा पहिलो पटक ब्रिटिश उत्तर अमेरिका ऐन मार्फत प्रादेशिक रुपमा स्वास्थ्य उपचार सम्बन्धी सामाजिक सुरक्षा कार्यक्रम लागू भएका थिए । १९ औं शताब्दीको अन्त्य तिर को तीव्र सहरीकरण र २० औं शताब्दीको शुरुवाती युद्द र कलह पश्चात् मजदूरहरु र युद्दमा संलग्न सैनिकहरुको अवस्था सहज बनाउनका लागि थप नयाँ कार्यक्रमहरु ल्याईएका थिए । अहिले क्यानडामा तीन तहको राज्य संरचनाको अभ्यास छ र सबै सरकारले आ-आफ्नो सामाजिक सुरक्षा कार्यक्रम संचालनमा ल्याएको पाइन्छ । यो लेखमा संघीय सरकारद्वारा संचालित सामाजिक सुरक्षा कार्यक्रम र ती कार्यक्रमको सुविधाहरुको मात्र चर्चा गरिने प्रयास गरिएको छ ।*






## १) क्यानडा पेन्सन योजना:

यस योजना अन्तर्गत योगदानकर्ता र उसको परिवारलाई सेवावाट निवृत्त हुँदा, नियमित आय गुम्दा, शारिरिक रुपमा असक्षम वा योगदानकर्ताको मृत्यु हुँदा आवस्यक जोखिम बहन गर्ने गर्छ । १८ बर्ष वा सो भन्दा माथि जो कोही रोजगारीमा रहेका हरेक कर्मचारीहरुलाई अनिवार्य रुपमा यो योजनामा सरिक हुनुपर्ने नियम छ । योगदानमा आधारित यो योजनामा योगदान रकम रोजगारदाता र योगदनकर्ता दुवै मिलेर तिर्नु पर्ने नियम छ । यहाँ रोजगारदाताले ५.२५ % र योगदानकर्ताले पनि त्यति नै रकम जम्मा गरी कुल आम्दानी योग्य आयको १०.५ % रकम यो योजनामा जम्मा गर्ने प्राबधान छ । स्वरोजगारहरु पनि यो योजनामा अनिबार्य सहभागी हुनु पर्ने नियम छ । स्वरोजगारले १०.५ % पुरै आफुले तिर्नु पर्ने व्यवस्था छ । यसरी बर्षमा एकजना योगदनकर्ताको नाममा बार्षिक अधिकतम ५७६० क्यानाडेली डलर योगदान गर्नु पर्ने हुन्छ ।

**सुविधाहरु**

**क) निवृत्तिभरण:** यो योजनामा सहभागी हुने योगदानकर्ताले ६५ बर्षको उमेर काटेपछि निवृत्तिभरण पाउन योग्य हुन्छ । योगदानकर्ताले चाहेमा छिट्टोमा ६० बर्षको हुँदा र ढिलोमा ७० बर्ष सम्ममा निवृत्त हुन पाउने नियम छ । पेन्सन रकम योगदानकर्ताले कति लामो समय र कति रकम योगदान गऱ्यो भन्नेमा भर पर्छ । ६५ बर्षको उमेरमा निवृत्त हुंदा औसत मासिक ७३५.२१ र बढीमा ११७५.८३ क्यानाडेली डलर पेन्सन दिइन्छ । ६५ बर्ष अघि निवृत्त भए पेन्सन ३६% कटौती गरी वा ७० बर्षमा लिए ४२% थपेर प्रदान गरिन्छ ।

**ख) निवृत्त पश्चातको योगदान:** कुनै योगदनकर्ता ७० बर्ष भन्दा कम तर निवृतभरण लिन सुरु गरेको छ भने पनि उक्त योगदानकर्ताले योगदान जम्मा गर्न पाउंछ । यसले निवृत्तिभरण रकम वृद्धिमा ठुलो भूमिका खेल्ने छ ।

**ग) असक्षमता सुविधा:** यो सुविधाको लागि योगदानकर्ताले बिगत ६ बर्षमा न्युनतम ४ बर्ष योगदान गरेको र शारिरिक र मानसिक रुपमा कार्य गर्न असमर्थ भएको पुष्टी हुनुपर्छ । अथवा २५ बर्ष योगदान गरेकाको हकमा पछिल्लो ६ बर्षमा ३ बर्ष योगदान गरेको हुनु पर्दछ । कुनै योगदनकर्ता उमेरले ६५ बर्ष भन्दा कम छ र कुनै कारणले शारिरिक रुपले असक्षम भएमा वा योगदानकर्ता निबृत भएर निवृतिभरण लिन सुरु गरेको भएमा दुवै अबस्थामा यो सुबिधा उपलब्ध छ । यसमा प्रत्येक योगदनकर्तालाई औसत १०१०.२६ र बढीमा १३८७.८३ क्यानाडेली डलर पेन्सन दिइन्छ ।

**घ) आश्रित पेन्सन:** केही गरी योगदानकर्ताको निधन भएमा उनको आश्रित परिवारले आश्रित पेन्सन पाउने व्यवस्था छ । यसकोलागि पहिला मृतक योगदानकर्ताको पेन्सनयोग्य रकम गणना गरिन्छ । यदि आश्रित ६५ बर्ष भन्दा कमको भएमा योगदानकर्ताको पेन्सन योग्य रकमको ३७.५% बराबरको पेन्सन दिइन्छ । यदि आश्रित ६५ बर्ष भन्दा बढीको भए योगदानकर्ताको पेन्सनयोग्य रकमको ६०% बराबरको पेन्सन दिइन्छ ।

**ङ) सन्तति सुविधा:** यो सुविधामा यदि योगदानकर्ता काम गर्न नसक्ने गरी असक्षम भएमा वा मृत्यु भएमा उनको सन्ततिलाई १८ बर्षसम्म मासिक पेन्सन दिइन्छ । यदि अध्ययनरत छ भने यस्तो सुविधा सन्तति २५ बर्षको उमेरसम्म पाइन्छ । यो सुविधा अन्तर्गत हरेक सन्ततिलाई २५०.२७ क्यानाडेली डलर प्रदान गरिन्छ र प्रत्येक बर्ष पुर्नमुल्यांकन गरिन्छ ।

## २) रोजगारीको बीमा योजना:

रोजगार बीमा योजनाले क्यानाडेली नागरिकहरुलाई रोजगारी गुमेको अबस्थामा अस्थायी रुपमा आर्थिक सहयोग गर्ने गर्छ । यो योजनामा बेरोजगार भत्ता, मातृत्व सुविधा, बिरामी हुँदा सुविधा, हेरचाह सुविधा पाउन्छन । यो योजना योगदानमा आधारित हो जसमा योगदानकर्ताले आफ्नो आम्दानी योग्य रकमको १.५८% रे रोजगारदाताले २.२१२% रकम जम्मा गरिदिनु पर्ने हुन्छ । यसरी बर्षमा एकजना योगदानकर्ताको नाममा बार्षिक अधिकतम २०५५ क्यानाडेली डलर योगदान गर्नु पर्ने हुन्छ ।

**सुविधाहरु**

**क) बेरोजगार भत्ता:**

योगदानकर्ताको कुनै बिना गल्ति (महामारी, काम अभाव, मौसमी कारण आदिले) यदि योगदानकर्ताले रोजगारी गुमाएमा तर योगदानकर्ता श्रम गर्न सक्षम र इच्छुक रहेमा यो सुबिधा अन्तर्गत उक्त योगदानकर्ताले सुबिधा पाउंछ । यसको लागि न्युनतम ७ दिन र बढीमा १ महिना रोजगार गुमाएको तथा कुनै बैधानिक रोजगारदाताकोमा न्युनतम ५२ हप्तामा ४२० घण्टादेखि ७०० घण्टासम्म रोजगारीमा रहेको हुनु पर्दछ । यो सुबिधा १४ देखि बढीमा ४५ हप्ता सम्म पाउन सकिन्छ । यो सुबिधा अन्तर्गत योगदानकर्ताले प्रत्येक हप्ता बढीमा ५७३ क्यानाडेली डलर पाउँदछन् ।

**ख) बिरामी सुविधा**

यो सुविधा अन्तर्गत योगदानकर्तालाई विभिन्न कारण जस्तै बिरामी भएर, घाउ चोट पटक लगेर, एकान्तवासमा बस्नु परेर रोजगारी गुमेमा बढीमा १५ हप्तासम्मको लागि आर्थिक सुबिधा दिइन्छ । यसको लागि बैधानिक सँस्थामा ५२ हप्तामा न्युनतम ६०० घण्टा रोजगारी गरेको हुनु पर्दछ । यो सुबिधा अन्तर्गत योगदनकर्ताले प्रत्येक हप्ता बढीमा ५७३ क्यानाडेली डलर १५ हप्ता सम्मको लागि पाउँदछन् ।

**ग) मातृत्व सुविधा**

यो सुबिधा अन्तर्गत कुनै योगदानकर्ता गर्भवती वा सुत्केरी भएकै कारणले रोजगारी गुमेमा प्रत्येक हप्ता बढीमा ५७३ क्यानाडेली डलर अधिकतम ४० हप्तासम्म अथवा प्रत्येक हप्ता बढीमा ३४४ क्यानाडेली डलर अधिकतम ६९ हप्ता सम्मको लागि पाउँदछन् । यसको लागि बैधानिक सँस्थामा ५२ हप्तामा न्युनतम ६०० घण्टा रोजगारी गरेको हुनुपर्दछ ।

**घ) हेरचाह सुविधा**

यदि कुनै योगदानकर्ताले आफ्नो परिवारको वा अरु नै कोही व्यक्तिलाई जिन्दगी भरि हेरचाह गर्नुपर्ने भएरे आयमा कमी वा रोजगारी गुमेमा त्यस्तो योगदानकर्तालाई यो सुबिधा प्रदान गरिन्छ । यसको लागि पनि बैधानिक सँस्थामा ५२ हप्तामा न्युनतम ६०० घण्टा रोजगारी गरेको हुनुपर्दछ । यो सुबिधा अन्तर्गत योगदानकर्ताले प्रत्येक हप्ता बढीमा ५७३ क्यानाडेली डलर पाउँदछन् । यो सुबिधा एकाघरका बालबालिकाको हेरचाहको लागि ३५ हप्तासम्म, एकाघरका वयस्कहरुको हेरचाहको लागि १५ हप्तासम्म र घर बाहिरकालागि २६ हप्ता सम्म प्रदान गरिन्छ ।

क्यानडाका यी सामाजिक सुरक्षाका कार्यक्रमहरु रोजगार तथा सामाजिक विकास क्यानडा भन्ने सँस्था मार्फत संचालित छन् । यी कार्यक्रमहरु विश्वकै उदाहरणीय मानिन्छन् र नेपालले पनि थुप्रै कुरा सिक्न सक्छ । ¤ ¤ ¤ ¤ ¤ ¤

## अन्तरवार्ता




***१. वर्तमान विश्व नै महामारीको संकटसँग जुधिरहेका बेलामा सामाजिक सुरक्षा महाशाखाको जिम्मेवारी पाउनुभएको छ। मानवीय तथा आर्थिक गतिविधिलाई नै प्रभावित तुल्याएको यस्तो विषम परिस्थितिमा सामाजिक सुरक्षा कोषको भूमिकाको सम्बन्धमा तपाईंको धारणा के छ ?***

मूलभूत रुपमा हेर्दा सामाजिक सुरक्षा कार्यक्रमले जहिले पनि संलग्न श्रमिक तथा योगदानकर्तालाई दुई प्रकारका संरक्षण प्रदान गर्दछ। त्यो भनेको व्यक्ति काममा हुँदा उसको जीवनमा आइपर्न सक्ने विभिन्न जोखिमहरू जस्तै स्वास्थ्यमा आउने प्रतिकूलता, दुर्घटना, अशक्तता तथा त्यसबाट सिर्जना हुने प्रतिकूल अवस्थाको संरक्षण र व्यक्ति काममा नहुँदा आयको निरन्तरताको प्रत्याभूति गर्नु हो। अहिलेको विषम परिस्थितिमा कोषको भूमिका अझ वृहत हुनु अपरिहार्य छ। कोषले यस्तो अवस्थामा आम्दानी गुमाउने श्रमिकलाई कुनै न कुनै तवरबाट राहत दिन सक्नुपर्दछ। तसर्थ कोषको यो संरक्षणको दायित्वलाई केही मात्रामा नै भए पनि पुरा गर्न सरकारले सम्बन्धित श्रमिक वा योगदानकर्ताले कोषमा जम्मा गर्नुपर्ने लकडाउन अवधिको रकम सरकारको तर्फबाट जम्मा गरिदिने निर्णय गरेको छ। यसबाट अप्ठेरोमा परेका रोजगारदाता र योगदानकर्ता दुबैको आर्थिक भार कम भएको छ। कोषलाई आगामी दिनमा सरकारको मात्रै भर नपरी जुनसुकै प्रकारका संरक्षण आफै दिन सक्ने गरी सक्षम बनाउन जरुरी छ। विषम परिस्थितिमा नै हामीले आफ्नो क्षमता प्रमाणित गर्ने हो। त्यसैले यस कार्यलाई मैले केवल चुनौतिको रुपमा मात्रै नभइ अवसरको रुपमा पनि लिएको छु।

***२. सामाजिक सुरक्षा कोषले सञ्चालन गरिरहेको सुरक्षा योजनाहरूका विषयलाई लिएर सकारात्मक नकरात्मक दुवै थरीका प्रतिक्रिया तथा टिकाटिप्पणीहरू बाहिर आएका छन्। यस विषयलाई मन्त्रालयले कसरी लिइरहेको छ ? कोषको आगामी कार्यदिशा कस्तो हुनुपर्ला ?***

कुनै पनि कार्यक्रमले परिपक्वता हासिल गर्न केही समय लाग्छ। सुरक्षा योजना आएको धेरै नभएको हुनाले कतिपय सन्दर्भमा मानिसले नबुझेरसमेत टिकाटिप्पणी गरेको देखिन्छ। यो विषय आम सरोकारको विषय हो। तर यससम्बन्धी मुख्य भूमिका कोषकै हो। के कस्तो अफ्ठ्यारो छ, मन्त्रालयबाट के भइदिएमा कोष प्रभावकारी रुपमा सबैको चित्त बुझाएर अगाडि बढ्न सक्छ त्यसका लागि जुनसुकै सहयोग गर्न मन्त्रालय तयार छ।

***३. स्वरोजगार तथा अनौपचारिक क्षेत्रमा रहेका श्रमिकहरूलाई पनि सामाजिक सुरक्षाको दायरामा समेट्न कोषले आन्तरिक रणनीतिक गृहकार्य पनि गरिरहेको छ। यसमा के चुनौती छ र ती क्षेत्रलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन कस्तो योजना बनाउनुपर्ने सुझाव दिनुहुन्छ ?***

यो एकदमै प्राथमिकताको विषय हो। ठूलो संख्यामा रहेको स्वरोजगार क्षेत्रलाई कोषले छिटो संरक्षणको दायरामा ल्याउन सक्नुपर्दछ। सरकारले आफ्नो नीति तथा कार्यक्रममा समेत यो विषय प्रमुख रुपमा उल्लेख गरेको हुँदा आवश्यक नीति तथा कार्यविधि तयार गरी कोष यस दिशामा छिटो अगाडि बढ्नुपर्ने देखिन्छ। अहिले नै ठ्याक्कै यस्तै योजना ल्याउनुपर्छ भन्ने कुरा सहज छैन। संगठित क्षेत्रको तुलनामा **स्वरोजगार तथा अनौपचारिक** क्षेत्रमा काम गर्नुहुने

व्यक्तिहरूको आम्दानीमा आउने उतारचढाव, क्षेत्रगत विविधता आदिलाई समेत मध्यनजर गरी योजना ल्याउनु आवश्यक देखिन्छ। मेरो व्यक्तिगत धारणा चाहिँ यो क्षेत्रमा एकैचोटि नभई क्रमशः जानु उपयुक्त हुन्छ भन्ने हो। तसर्थ मेरो सुझाव भनेको अनौपचारिक भित्र केकस्ता रोजगारीहरू रहेका छन् कति व्यक्ति स्वरोजगार, कति व्यक्ति अनौपचारिक क्षेत्रमा श्रमिकको रुपमा कार्यरत हुनुहुन्छ, त्यसरी भरपर्दो विवरण तयार गर्नु पहिलो शर्त हो। यस सन्दर्भमा हाल मन्त्रालयले अघि बढाएको श्रमिक सूचना बैंकको अवधारणा पनि जोड्न सकिन्छ भन्ने मलाई लागेको छ।

***४. योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको दायरा फराकिलो बनाउँदै संस्थागत क्षमता विकास गर्न मन्त्रालयले कसरी भूमिका खेल्न सक्छ ?***

कोषमा सरकार, रोजगारदाता तथा श्रमिक तीनै पक्षको संलग्नता रहेकोमा सरकारका तर्फबाट निर्णय गर्नुपर्ने भूमिका श्रम मन्त्रालयको रहेको हुँदा कोषले सञ्चालन गर्ने कार्यक्रमहरूको अपनत्व ग्रहण गर्दै आवश्यक अभिभावकत्व मन्त्रालयले प्रदान गर्दछ। कोषको दायरा फराकिलो बनाउन तथा अनौपचारिक क्षेत्रका श्रमिक वर्गलाई समेट्ने चुनौतिपूर्ण कार्यका लागि कोषको क्षमता विकास गर्न पनि त्यतिकै जरुरी छ। तसर्थ, हाल भाडाको भवनमा रहेको कोषलाई कसरी आफ्नै भवनमा स्थापित गराई प्रभावकारी कार्य सञ्चालनमा सहयोग पुर्याउने, योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको मर्मअनुसार कसरी सुरक्षा योजनाहरूलाई वृहत बनाउँदै जाने, कसरी आम श्रमजीवि वर्गलाई यसको दायरामा ल्याउने भन्नेजस्ता सन्दर्भमा मन्त्रालयले आवश्यक पहल गरिरहेको छ।

***५. EPF, CIT र SSF बिच नीतिगत समन्वय कायम गर्न भनी अगाडि बढाइएको "केही नेपाल ऐन संसोधन"गर्ने प्रकृया अहिले कहाँ पुगेको छ ? करिब-करिब एकै प्रकृतिका काममा किन यस्तो संस्थागत देहोरोपना ? यी संस्थाहरूबिचको कार्यगत समन्वय कस्तो हुनुपर्छ ?***

कुनै एउटा काम एकभन्दा बढी सरकारी निकायले गरी duplication को अवस्था सृजना हुनुहुँदैन। यस सिद्धान्तमा आधारित भई आउने दिनमा कार्यक्षेत्र स्पष्ट गर्दै सामाजिक सुरक्षाको कार्य अघि बढाइनेछ। मेरो नियुक्ति यो महाशाखामा हुनुभन्दा अगाडि नै केही नेपाल ऐन संसोधन गर्ने प्रकृया अगाडि बढेको तर सम्पन्न हुन नसकेको मैले पाएँ। तत्पश्चात सो विषयलाई प्राथमिकतामा राखेर अघि बढाएको छु र हाल करिबकरिब अन्तिम चरणमा पुगेको छ। यो कार्य सम्पन्न भएपछि नीतिगत दोहोरोपना हट्नेछ।

***६. सरकारले भर्खरै प्रस्तुत गरेको नीति तथा कार्यक्रममा वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूलाई पनि सामाजिक सुरक्षाको दायरामा ल्याउने घोषणा भएको छ। नेपालभित्रका नै संघ-संस्थाहरू राम्ररी सूचिकृत भइ नसकेको अवस्थामा यो कार्यक्रम अलि महत्वाकाङ्क्षी भएन र ? यस कार्यक्रम कार्यान्वयनका सम्बन्धमा अब के कस्ता योजना बनाएर अगाडि बढ्न सकिन्छ होला ?***

योगदानमा आधारित सामाजिक सुरक्षा ऐनले रोजगारीमा रहेका सबैलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने उद्देश्य राखेकाले ढिलो या चाँडो वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूलाई पनि समावेश गर्नुपर्ने नै छ। बैदेशिक रोजगारीमा रहेका श्रमिकलाई यस प्रणालीमा आबद्ध गराउन मन्त्रालय दृढशील रहनेछ। यसलाई कोषले बोझको रुपमा नभई अवसरको रुपमा लिएर अघि बढ्नुपर्दछ। यसले सूचिकरण हुन बाँकी संगठित क्षेत्रलाई समेत कोषमा आबद्ध हुन प्रेरित गर्दछ भन्ने मेरो धारणा छ।

***७. हालको जस्तो महामारीहरूमा कोषको जिम्मेवारी र दायित्व पनि बढ्न सक्ने हुन्छ। तसर्थ हालको यो महामारीबाट पाठ सिकेर कोषले भविष्यका लागि कस्तो कदम चाल्नु उपयुक्त देख्नुहुन्छ ?***

कुनै पनि संस्था स्थापना गर्नु जति महत्वपूर्ण छ, त्यस संस्थाले उद्देश्य पूरा गर्नु र दिगो रुपमा संस्थाको गतिविधि अघि बढाउनु थप महत्वपूर्ण विषय हो। सामान्य अवस्थामा सबै संस्था सहजै चल्छन् तर विशेष अवस्थामा संस्थाहरूको परीक्षा हुने गर्दछ। त्यसैले कोषले पनि covid-19 र त्यसपछिका सम्भावित महामारीमा आफूलाई दक्षतापूर्ण र खरो रुपमा उतार्न तत्पर हुन जरुरी छ। त्यसका लागि कोषको नेतृत्वले कोषको दायरा फराकिलो पार्नुका साथै व्यवस्थापकीय कुशलतापूर्वक आर्थिक रुपमा सक्षम हुने गरी संस्थालाई अघि बढाउन जरुरी छ।

***८. अन्त्यमा, रोजगारदाता, श्रमिक तथा अन्य सरोकारवालाहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनाका सम्बन्धमा के सन्देश दिन चाहनुहुन्छ ?***

नेपालको संविधानले नै श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हक प्रत्याभूत गरेको हुनाले योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सरकारको जिम्मेवारी हो भने आम जनताको आवश्यकता हो। कोषले सञ्चालनमा ल्याएका सुविधा योजनाहरूले कम्तिमा पनि वृहत सामाजिक सुरक्षाको मार्ग सुनिश्चित गरेका छन्। त्यसैले सरकार, रोजगारदाता, श्रमिकका प्रतिनिधिमूलक संस्था एवं सरोकारवाला सबै एक भएर अगाडि बढौं। श्रम बजारलाई व्यवस्थित र मर्यादित बनाउँदै सबै प्रकारका श्रम शोषणको अन्त्य गर्ने सरकारको उद्देश्यलाई आआफ्नो क्षेत्रबाट सफल बनाउने प्रयास गरौं भन्ने अपिल गर्न चाहन्छु। *(मिडिया टिमले सहसचिव अधिकारीसंग गरेको कुराकानीमा आधारित)*

¤ ¤ ¤ ¤ ¤ ¤ ¤ ¤

# सामाजिक सुरक्षा कोषको सञ्चालक समितिका अध्यक्ष श्री विनोद के.सी. ज्यूलाई बिदाई

सामाजिक सुरक्षा कोषले एक कार्यक्रमबीच श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव श्री विनोद के.सी. ज्यूलाई बिदाई गरेको छ। सामाजिक सुरक्षा कोषको सञ्चालक समितिको अध्यक्ष पनि रहनुभएका के.सी. उमेरहदका कारण अनिवार्य अवकास प्राप्त गर्न लाग्नुभएको हो । बिदाई समारोहमा सचिव के.सी.लाई सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले कोषको तर्फबाट मायाको चिनो प्रदान गर्नुभएको थियो। सो अवसरमा बोल्नुहुँदै कार्यकारी निर्देशक ज्ञवालीले सुरक्षा योजना लागु गरेको सुरुवाती चरणमा रहेको कोषको समग्र विकासका लागि के.सी. ले खेल्नुभएको भूमिका बारे चर्चा गर्नुभएको थियो। कार्यक्रममा बोल्ने क्रममा सचिव के.सी.ले सुझबुझपूर्ण ढंगले सरकारले ल्याएको सामाजिक सुरक्षा कार्यक्रममा सम्पूर्ण रोजगारदाता, श्रमिक तथा सरोकारवालाहरु सामाजिक सुरक्षा कोषमा आबद्ध हुनुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो ।




## सामाजिक सुरक्षा कोषसँग सम्बन्धित करमा नयाँ व्यवस्था


आ.व. ०७७/७८ का लागि नेपाल सरकारद्वारा जारि बजेटमा व्यवस्था गरिएअनुसार, कुनै करदाताले आ.व. ०७६/७७ दम्पती छनोट गरी सामाजिक सुरक्षा कोषमा योगदान गरेकोमा अब त्यस्तो आयमा एक प्रतिशत कर नलाग्ने व्यवस्था थप गरिएको छ । विगतमा एकलको हकमा कर नलाग्ने तर दम्पतिको हकमा स्प्रष्ट नभएकोले केही अन्योल देखिएको थियो। यो छुट आ.व. ०७७/७८ लाई पनि लागू हुनेछ। त्यसैगरी, विभिन्न निकायमा रहेको स्विकृत अवकाश कोषको रकम २०७७ साल चैत्र मसान्त भित्र सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गरेमा अवकाश भुक्तानि बापत लाग्ने कर छुट दिने व्यवस्था पनि सरकारले गरेको छ।

## स्वरोजगार तथा अनौपचारिक क्षेत्रका श्रमिक एवं अस्थायी र करार कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिने

आ.व. ०७७/७८ का लागि नेपाल सरकारद्वारा जारि नीति तथा कार्यक्रम एबं बजेटमा व्यवस्था गरिएअनुसार स्वरोजगार तथा अनौपचारिक क्षेत्रका श्रमिक एबं सार्वजनिक निकायमा कार्यरत सबै अस्थायी र करार कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने व्यवस्था मिलाइने भएको छ।

स्वरोजगार तथा अनौपचारिक क्षेत्रका श्रमिक एवं सार्वजनिक निकायमा कार्यरत सबै अस्थायी र करार कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउने सम्बन्धमा सामाजिक सुरक्षा कोषले दुई छुट्टाछुट्टै बिशेष अध्ययन कार्यदल निर्माण गरी अध्ययन कार्यलाई अघि बढाएको कोषका उपकार्यकारी निर्देशक विवेक पन्थीले जानकारी दिनुभयो।

## बारम्बार सोधिने प्रश्नहरु (FAQ)




महेश प्रधान
वरिष्ठ स.निर्देशक, सा.सु.कोष

सामाजिक सुरक्षा कोषको अनलाईन प्रणाली (SOSYS) मार्फत सामाजिक सुरक्षा कोषसँग सम्बन्धित सम्पूर्ण कार्य अनलाइनबाटै आबेदन दिएर रोजगारदाता सूचीकरण गर्ने र रोजगारदाता आफूले नियुक्त गरेको वा रोजगार सम्बन्ध कायम गरेको व्यक्तिलाई सूचीकरण गर्न सक्ने, रोजगारदाताले आफ्नो र आफ्नो श्रमिकहरुको विवरण अध्यावधिक गर्न सक्ने, श्रमिकहरुको योगदान बापतको रकम जम्मा गर्न सक्ने, हालसम्म जम्मा भएको रकमको विवरण हेर्न सक्ने, आदि व्यवस्था रहेका छन् ।

### १. सामाजिक सुरक्षा कोषमा जम्मा भएको रकम बारे जानकारी कसरी लिन सकिन्छ ?

*सामाजिक सुरक्षा कोषमा श्रमिकहरुको योगदान बापतको जम्मा भएको रकम रोजगारदाता वा श्रमिक स्वयम् आफैले पनि हेर्न सक्ने व्यवस्था छ ।*

**अ. रोजगारदाताले योगदान बापतको जम्मा भएको रकम हेर्नुपर्ने भएमा :**




*क. सर्वप्रथम SOSYS प्रणालीको Employer Portal मा Login गर्नुपर्ने हुन्छ ।*

*Login गर्न आफ्नो कम्प्युटरको कुनै पनि browser बाट sosys.ssf.gov.np मा गएपछि Employer Portal मा क्लिक गर्नुपर्ने हुन्छ ।*

*ख.त्यसपछि रोजगारदाताले portal मा Login गरे पश्चात menu list बाट Reports को Collection menu मा ४ वटा विकल्पहरु उपलब्ध रहेका छन् ।*

- *Collection Details बाट हेर्न चाहेको मितिभित्र सम्पूर्ण योगदानकर्ताको कुन-कुन योजना (Scheme) मा योगदान बापतको जम्मा भएको कुल रकमको विवरण प्राप्त गर्न सकिन्छ ।*
- *Employer Collection Status बाट Submission Number को आधारमा रोजगारदाताले योगदान बापतको रकम जम्मा गर्न खोजेको, जम्मा हुने प्रक्रियामा रहेको वा जम्मा भइसकेको स्थिति बारे जानकारी लिन सकिन्छ ।*
- *Contributor Collection Summary बाट योगदानकर्ताको Person SSID को प्रयोग गरेर हेर्न चाहेको मिति भित्र कुन-कुन योजना (Scheme) मा कति योगदान बापतको कूल रकम जम्मा भएको विवरण प्राप्त सकिन्छ ।*
- *Employer Collection Summary बाट हेर्न चाहेको महिनाको रोजगारदाताले जम्मा गरेको योगदान बापतको रकमको विस्तृत विवरण प्राप्त गर्न सकिन्छ ।*




**आ. योगदानकर्ताले योगदान बापतको जम्मा भएको रकम हेर्नुपर्ने भएमा :**

*क.सर्वप्रथम SOSYS प्रणालीको Contributor Portal मा Login गर्नुपर्ने हुन्छ ।*

*Login गर्न आफ्नो कम्प्युटरको कुनै पनि browser बाट sosys.ssf.gov.np मा गएपछि Contributor Portal मा क्लिक गर्नुपर्ने हुन्छ ।*

*ख. त्यसपछि योग्दानकर्ताले portal मा Login गरे पश्चात menu list बाट Reports मा क्लिक गर्दा Report type मा २ वटा विकल्पहरु उपलब्ध छन् ।*

- *Registration बाट योग्दानकर्ता सूचीकरण हुँदाको विस्तृत विवरण सहितको निबेदन प्राप्त गर्न सकिन्छ ।*
- *Contribution बाट हेर्न चाहेको मिति भित्र कति योगदान बापतको कूल रकम जम्मा भएको विवरण प्राप्त गर्न सकिन्छ ।*

*यसरी सामाजिक सुरक्षा कोषमा रोजगारदाताले जम्मा गरेको योगदान बापतको रकम रोजगारदाता वा योग्दानकर्ता स्वयम् आफैले अनलाइनबाट हेर्न सकिने व्यवस्था रहेको छ ।*

### २. १० लाख रुपैंया भन्दा धेरै योगदान बापतको रकम कसरी जम्मा गर्न सकिन्छ ?

*सामाजिक सुरक्षा कोषमा योगदान बापतको रकम बैंकिङ् प्रणाली वा अनलाइन बाट connect IPS प्रणाली प्रयोग गरेर जम्मा गर्न सकिने व्यवस्था रहेको छ । तर हाल connect IPS प्रणालीबाट रकम जम्मा गर्दा एक पटकमा १० लाख रुपैंया मात्र हुने भएकाले सो रकम भन्दा धेरै योगदान बापतको रकम जम्मा गर्ने रोजगारदाताको हकमा सामाजिक सुरक्षा कोषको अनलाइन प्रणाली SOSYS मार्फत स्वचालित रुपमा १० लाख भन्दा कमको Deposit Voucher हरु प्राप्त गर्ने व्यवस्था छ ।*

क. *Voucher प्राप्त गर्न सर्वप्रथम SOSYS प्रणालीको Employer Portal मा Login गर्नुपर्ने हुन्छ ।*

*Login गर्न आफ्नो कम्प्युटरको कुनै पनि browser बाट sosys.ssf.gov.np मा गएपछि Employer Portal मा क्लिक गर्नुपर्ने हुन्छ ।*

ख. *त्यसपछि रोजगारदाताले portal मा Login गरे पश्चात menu list बाट Collection मा गएर Get Sub No. मा क्लिक गरेर नयाँ Submission Number लिनुपर्ने हुन्छ ।*

ग. *त्यसपछि रोजगारदाताले योगदान रकम जम्मा गर्न चाहेको साल, महिना र सामाजिक सुरक्षा कोषको बैंक खाता उपलब्ध विकल्पबाट चयन गर्नु पर्नेछ ।*

घ. *अब चयन गरिएको साल र महिनामा रोजगारदाता मातहतका योगदानकर्ताहरुको आधारभूत तलबमान उपलब्ध भएको ढाँचामा प्रविष्ट गर्न सकिन्छ वा धेरै योगदानकर्ताको हकमा Export to Excel Button मा क्लिक गरेर उपलब्ध भएको Excel फाइलबाट पनि आधारभूत तलबको विवरण Choose File Button बाट प्रविष्टि गरेपछि SOSYS प्रणालीले योगदानकर्ताको व्यक्तिगत योगदान बापतको रकम र रोजगारदाताले जम्मा गर्नुपर्ने कुल रकमको गणना गर्नेछ ।*

ङ. *पूर्ण विवरण नभएको अवस्थामा Save button मा क्लिक गर्ने र अर्को पल्ट अगाडी प्राप्त Submission number प्रयोग गरेर विवरण पूर्ण गर्न सकिन्छ वा पूर्ण विवरण भएको अवस्थामा Submit Button क्लिक गर्न सकिन्छ ।*

च. *यदि योगदान बापतको कुल रकम १० लाख भन्दा धेरै भएको अवस्थामा SOSYS प्रणालीले एक भन्दा धेरै Submission Number उपलब्ध गराउने छ । सो Submission Number को प्रयोग गरेर १० लाख रुपैंयाभन्दा कमका Voucher हरु प्राप्त गर्न सकिन्छ ।*

छ. *Voucher प्राप्त गर्नका लागि पुनः Employer Portal को Menu list मा रहेको Collection मा गएर Yes Button मा क्लिक गर्नुहोस् र SOSYS प्रणालीले अघिल्लो पल्ट उपलब्ध गराएको कुनै एक Submission Number प्रयोग गरेर Print button मा क्लिक गरी Voucher प्रिन्ट गर्न सकिन्छ ।*

ज. *त्यसरी नै अन्य Submission Number को पनि Voucher प्राप्त गर्न सकिन्छ । प्राप्त भएका Voucher हरुमा रहेको रकम बराबरको आफ्नो खाता रहेको बैंकमा गई connect IPS को Slip भरी सामाजिक सुरक्षा कोषको खातामा जम्मा गर्न सकिन्छ वा Print button को छेउमा रहेको Payment button मा क्लिक गरेर रोजगारदाताले connect IPS प्रयोग गरेर पनि सामाजिक सुरक्षा कोषको खातामा योगदान बापतको रकम जम्मा गर्ने व्यवस्था रहेको छ ।*

### ३. योगदानकर्ता र रोजगारदाता बीच रोजगार सम्बन्ध अन्त्य भएमा SOSYS प्रणालीमा कसरी अद्यावधिक गराउने ?

*योगदानकर्तासँग रोजगार सम्बन्ध अन्त्य भएको अवस्थामा रोजगारदाताले सो योगदानकर्तालाई आफ्नो योगदानकर्ताको सूचीबाट हटाउनुपर्ने हुन्छ । सोको विवरण अध्यावधिक गर्न*

क. *रोजगारदाताले सर्वप्रथम SOSYS प्रणालीको Employer Portal मा Login गर्नुपर्ने हुन्छ ।*

*Login गर्न आफ्नो कम्प्युटरको कुनै पनि browser बाट sosys.ssf.gov.np मा गएपछि Employer Portal मा क्लिक गर्नुपर्ने हुन्छ ।*

ख. *त्यसपछि रोजगारदाताले portal मा Login गरे पश्चात menu list बाट Collection मा गएर GetSubNo. मा क्लिक गरेर नयाँ Submission Number लिनुपर्ने हुन्छ ।*

ग. *त्यसपछि प्राप्त सूचीमा रोजगार सम्बन्ध अन्त्य भएको योगदानकर्ता पहिचान गरी योगदानकर्ताको नामको अन्त्यमा रहेको Terminate button मा क्लिक गरी प्राप्त Confirmation Dialog Box को OK button मा क्लिक गर्नुहोस् ।*

घ. *त्यस पश्चात SOSYS प्रणालीमा पनि योगदानकर्ता र रोजगारदाता बीच रोजगार सम्बन्ध अन्त्य भएको विवरण अध्यावधिक हुने व्यवस्था रहेको छ ।*

# औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना

**प्रदीप महर्जन**
**उपनिर्देशक, सा.सु.,कोष**

*सामाजिक सुरक्षा कोषले २०७६ श्रावण १ गतेदेखि शुरु गरेको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा विभिन्न योजनाबाट योगदानकर्ताले सुविधा प्राप्त गर्न सक्छन् । हाललाई सामाजिक सुरक्षा कोषले चारवटा योजना शुरु गरेको छ ।*
*ती योजनाहरु निम्न प्रकारका छन्:*

१ औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना

२ दुर्घटना तथा अशक्तता सुरक्षा योजना

३ आश्रित परिवार सुरक्षा योजना

४ वृद्ध अवस्था सुरक्षा योजना




**यस लेखमा पहिलो योजना (औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना) र त्यसका सहायक योजनाहरुलाई प्रस्तुत गरिएको छ ।**

**सुविधा उपयोग गर्नका लागि पूर्वशर्त** : यो सुविधा प्राप्त गर्न योगदानकर्ताले कम्तिमा पनि तीन महिना सामाजिक सुरक्षा कोषमा योगदान गरेको हुनुपर्छ । साथसाथै कुनै योगदानकर्ताले योगदान गर्न छाडेको तीन महिनासम्म पनि यो सुविधा पाउनेछ ।

**१. अस्पतालमा भर्ना भई उपचार गर्नुपर्ने:** **क.योगदानकर्ताको उपचार खर्च ख.महिला योगदानकर्ता वा योगदानकर्ताको पत्नीको प्रसुति खर्च ग.नवजात शिशुको तीन महिनासम्मको उपचार खर्च** । अधिकतम दाबी रकम रु १,००,०००/- (८० प्रतिशत सामाजिक सुरक्षाले र २० प्रतिशत योगदानकर्ताले व्यहोर्नुपर्ने)

| सुविधा | सुविधा नपाउने अवस्था | दाबी प्रकिया र दाबी गर्न चाहिने कागजात |
|---|---|---|
| ✓ चिकित्सकको परामर्श सेवा<br>✓ अस्पताल भर्ना तथा शल्यक्रिया बापतको शुल्क<br>✓ रोगको परीक्षण तथा उपचार बापतको खर्च<br>✓ औषधिको बिल बमोजिमको खर्च<br>✓ प्रसुतिको सन्दर्भमा महिला योगदानकर्ता वा योगदानकर्ताको पत्नीको अस्पताल भर्ना तथा शल्यक्रिया बापतको खर्च<br>✓ तीन महिनासम्मको शिशुको अस्पतालमा भर्ना भई गरेको उपचार बापतको खर्च | ✓ दुर्घटना भई उपचारका लागि आवश्यक पर्ने अवस्थामा बाहेक प्लाष्टिक सर्जरी तथा दाँतको उपचार बापतको खर्च<br>✓ बारियट्रिक सर्जरी (बोसो निकाल्ने) बापतको खर्च<br>✓ देशव्यापी रुपमा महामारी फैलिई कोषले खर्च धान्न नसक्ने भई योजना निलम्बन गरेको अवस्थामा<br>✓ दुर्घटना तथा अशक्तता सुरक्षा योजनाअन्तर्गत यस योजनामा उल्लेख भएको समान सुविधा प्राप्त गरेको अवस्थामा<br>✓ योगदानकर्ता र योगदानकर्ताका पति-पत्नी दुवैले प्रसुति सुविधा दाबी गरेमा | ✓ सामाजिक सुरक्षा कोषसँग MoU गरेका अस्पतालमै दाबी गर्ने<br>✓ उपचार गरिएको श्रमिकको चिकित्सकले जाँच गरेको कागजात |

**२. अस्पतालमा भर्ना भई उपचार गर्नुपर्ने बाहेक:** क.**योगदानकर्ताको उपचार खर्च** ख.**महिला योगदानकर्ता वा योगदानकर्ताको पत्नीको प्रसुति खर्च** ग.**नवजात शिशुको तीन महिनासम्मको उपचार खर्च** । अधिकतम दाबी रकम रु.२५,०००/- (८० प्रतिशत सामाजिक सुरक्षाले र २० प्रतिशत योगदानकर्ताले व्यहोर्नुपर्ने)

| सुविधा | सुविधा नपाउने अवस्था | दाबी प्रकिया र दाबी गर्न चाहिने |
|---|---|---|
| ✓ चिकित्सकको परामर्श सेवा<br>✓ रोगको परीक्षण तथा उपचार बापतको खर्च<br>✓ औषधिको बिल बमोजिमको खर्च<br>✓ प्रसुतिको सन्दर्भमा महिला योगदानकर्ता वा योगदानकर्ताको पत्नीको नियमित गर्भ परीक्षण<br>✓ तीन महिनासम्मको शिशुको अस्पतालमा भर्ना बाहेकको उपचार बापतको खर्च । | ✓ दुर्घटना भई उपचारका लागि आवश्यक पर्ने अवस्थामा बाहेक प्लाष्टिक सर्जरी तथा दाँतको उपचार बापतको खर्च<br>✓ बारियट्रिक सर्जरी (बोसो निकाल्ने) बापतको खर्च<br>✓ देशव्यापी रुपमा महामारी फैलिई कोषले खर्च धान्न नसक्ने भै योजना निलम्बन गरेको अवस्थामा<br>✓ दुर्घटना तथा अशक्तता सुरक्षा योजनाअन्तर्गत यस परिच्छेदमा उल्लेख भएको समान सुविधा प्राप्त गरेको अवस्थामा<br>✓ योगदानकर्ता र योगदानकर्ताका पति-पत्नी दुवैले प्रसुति सुविधा दाबी गरेमा | ✓ सामाजिक सुरक्षा कोषसँग MoU गरेका अस्पतालमै दाबी गर्ने<br>✓ उपचार गरिएको श्रमिकको चिकित्सकले जाँच गरेको कागजात |

| ३. प्रसुति स्याहार खर्चः अधिकतम दाबी भूक्तानी (एक महिनाको न्यूनतम पारिश्रमिक बराबरको रकम) | | |
|---|---|---|
| **सुविधा** | **सुविधा नपाउने अवस्था** | **दाबी प्रकिया र दाबी गर्न चाहिने कागजात** |
| ✓ महिला योगदानकर्ता वा योगदानकर्ताको पत्नी प्रसुति भएको अवस्थामा प्रसुति स्याहारका लागि प्रति शिशु एक महिनाको न्यूनतम पारिश्रमिक बराबरको रकम उपलब्ध गराइनेछ र यस्तो रकम चौबिस हप्ताभन्दा बढी अवधिको गर्भपतन वा मृत शिशु जन्म भएको अवस्थामा समेत प्रदान गरिनेछ। | ✓ योगदानकर्ता र योगदानकर्ताका पति-पत्नी दुवैले प्रसुति सुविधा दाबी गरेमा | ✓ सामाजिक सुरक्षा कोषको SOSYS सिस्टमबाट गर्ने<br>✓ शिशुको जन्मदर्ता वा जन्म खुल्ने अस्पतालको प्रमाणित पत्र<br>✓ विवाह दर्ता वा पति-पत्नीको नाता खुल्ने प्रमाणित पत्र<br>✓ पति-पत्नी दुवैको नागरिकताको प्रतिलिपि<br>✓ प्रसुति तथा शिशु स्याहार बिदा बसेको प्रमाणित पत्र<br>✓ डीस्चार्ज समरी |

| ४. प्रसुति बिदा अधिकतम दाबी समयावधिः ९८ दिन | | |
|---|---|---|
| सुविधा | सुविधा नपाउने अवस्था | दाबी प्रकिया र दाबी गर्न चाहिने कागजात |
| ✓ श्रम ऐन, २०७४ वा प्रचलित नेपाल कानुनबमोजिम वा सामुहिक सम्झौताबमोजिम रोजगारदाताबाट पारिश्रमिक सहितको प्रसुति बिदा पाउने अवधि (कम्तीमा साठी दिन) बाहेक प्रसुति बिदा बस्नुपर्दा सो अवधिका लागि महिला योगदानकर्ताले खाईपाई आएको आधारभूत पारिश्रमिकको साठी प्रतिशतका हिसाबले योगदानकर्तालाई प्रसुति बिदाको रकम प्रदान गरिनेछ।<br>✓ तर यस्तो रकम श्रम ऐन, २०७४ को दफा ४५(३) वा अन्य प्रचलित नेपाल कानुन बमोजिमको प्रसुति बिदाबापत रकम प्राप्त गर्ने साठी दिन समेत जोडी हुन आउने अन्ठानब्बे दिनभन्दा बढी हुने छैन<br>✓ प्रसुति बिदा पाउने अवस्थामा रोजगारदाताको व्यवसाय बन्द भएको वा रोजगारी अन्त्य भएको कारण बिदा पाउने अवस्था नभएमा रोजगारदाताले प्रदान गर्नुपर्ने बिदा अवधिको आधारभूत पारिश्रमिकको साठी प्रतिशत रकम कोषले सम्बन्धित योगदानकर्तालाई भुक्तानी गर्नेछ। | ✓ रोजगारदाताले बिदा बसेको अवधिको तलब प्रदान गरेमा | ✓ सामाजिक सुरक्षा कोषको SOSYS सिस्टमबाट गर्ने<br>✓ शिशुको जन्मदर्ता वा जन्म खुल्ने अस्पतालको प्रमाणित पत्र<br>✓ प्रसुति तथा शिशु स्याहार बिदा बसेको प्रमाणित पत्र<br>✓ डीस्चार्ज समरी<br>✓ बिदाको समयको प्रमाणित हाजिरी रेकर्ड<br>✓ योगदानकर्ताको नागरिकताको प्रतिलिपि<br>✓ रोजगारदाताको विनियम अनुसार प्रसुति बिदा पाउने अवधि खुल्ने कागजात पत्र |

| ५ . बिरामी बिदा अधिकतम १३ हप्ता (रोजगारदाताले प्रदान गर्ने न्यूनतम १२ दिन कटाएर) | | |
|---|---|---|
| **सुविधा** | **सुविधा नपाउने** | **दाबी प्रकिया र दाबी गर्न चाहिने कागजात** |
| ✓ श्रम ऐन वा प्रचलित कानुनबमोजिम वा सामुहिक सम्झौताबमोजिम रोजगारदाताबाट पारिश्रमिक सहितको बिरामी बिदा पाउने अवधि (कम्तीमा वार्षिक बाह्र दिन) भन्दा लामो अवधिसम्म अस्पतालमा बसी उपचार गराउँदा वा चिकित्सकको सिफारिशमा घरमै बसी उपचार गराउनुपर्ने अवस्थाका योगदानकर्ताले त्यस्तो अवधिमा निजको आधारभूत पारिश्रमिकको साठी प्रतिशत रकम बिरामी सुविधाबापत पाउने छन्।<br>✓ बिरामी बिदाका अवस्थामा रोजगारदाताको व्यवसाय बन्द भएको वा रोजगारी अन्त्य भएका कारण बिदा पाउने अवस्था नभएमा रोजगारदाताले प्रदान गर्नुपर्ने बिदा अवधिको आधारभूत पारिश्रमिकको साठी प्रतिशत रकम कोषले सम्बन्धित योगदानकर्तालाई भुक्तानी गर्नेछ। | ✓ रोजगारदाताले बिदा बसेको अवधिको तलब प्रदान गरेमा | ✓ सामाजिक सुरक्षा कोषको SOSYS सिस्टमबाट गर्ने<br>✓ चिकित्सकले जाँच गरेको कागजात<br>✓ बिरामी बिदा बसेको अवधिको तलव विवरण<br>✓ अस्पतालमा भर्ना भएको डिस्चार्ज समरी<br>✓ अनुपस्थिति प्रमाण (सम्बन्धित रोजगारदाताबाट प्राप्त ) |




सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि (पहिलो संशोधन सहित), २०७५ का लागि बायाँ दिईएको QRस्क्यान गर्नुहोस्।

# रणनीतिक योजनाको मस्यौदामाथि छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न








सामाजिक सुरक्षा कोषले प्रारम्भिक लेखन समितिद्वारा तयार पारिएको पन्चवर्षीय रणनीतिक योजनाको मस्यौदामाथि कोषको सञ्चालक समितिसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सभा हलमा भएको उक्त कार्यक्रम कोषको सञ्चालक समितिका अध्यक्ष विनोद के. सी. को अध्यक्षतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा कोषका उप-कार्यकारी निर्देशक विवेक पन्थीले प्रारम्भिक लेखन समितिद्वारा तयार पारिएको कोषको पन्चवर्षीय रणनीतिक योजनाको मस्यौदा प्रस्तुत गर्नुभएको थियो । सञ्चालक समितिका सदश्यहरुले प्रारम्भिक लेखन समितिको कामको प्रसंशा गर्दै आफ्ना राय तथा रचनात्मक सुझाव पनि प्रदान गर्नुभएको थियो । रणनीतिक योजनाको मस्यौदालाई अन्तिम स्वरुप दिने गरी चार जना सदस्यीय नयाँ समिति गठन गरिएको छ। उक्त कार्यक्रममा कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवाली, उप-कार्यकारी निर्देशक विवेक पन्थी, निर्देशक रमा भट्टराई, बरिस्ठ सहायक निर्देशक शारदा फुयाँलका साथै रणनीतिक योजनाको मस्यौदा लेखनमा बिशेष योगदान गर्नुहुने कोषका उपनिर्देशक दिनेशकुमार कोइराला तथा सहायक निर्देशक आनन्द वंश न्यौपाने समेतको सहभागिता रहेको थियो।

## योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम



**जेष्ठ मसान्तसम्ममा कोषमा आवद रोजगारदाता ,योगदानकर्ता र जम्मा योगदान रकमको विवरण**

| अवधि | रोजगारदाता | योगदानकर्ता | जम्मा योगदान रकम(रु) |
|---|---|---|---|
| **२०७६-श्रावण मसान्त सम्म** | ४२३२ | ३२५७५ | |
| **२०७६-भाद्र मसान्त सम्म** | ४९१५ | ५२७२२ | १५८०७५६४.९ |
| **२०७६-आश्विन मसान्त सम्म** | ८४४२ | ९३९६० | ६६५२६८१६.९ |
| **२०७६-कार्तिक मसान्त सम्म** | ९३५९ | १०५९८९ | १४१९१५१६८.२ |
| **२०७६-मंसिर मसान्त सम्म** | ११७९६ | १३१५१९ | २८२३९५३५३.८ |
| **२०७६-पौष मसान्त सम्म** | १२०३४ | १३६८४७ | ४३१७६२७०६. |
| **२०७६-माघ मसान्त सम्म** | १२१४८ | १४५३८३ | ६२१३७५९१२.३ |
| **२०७६-फाल्गुन मसान्त सम्म** | १२२८७ | १५१९०८ | ७८१४६५३५९.८ |
| **२०७६-चैत्र मसान्त सम्म** | १२३२० | १५६६४८ | ८८६११७३९०.६ |
| **२०७७-वैशाख मसान्त सम्म** | १२३३५ | १५७९१६ | १०२१६०००२३.४६ |
| **२०७७-जेष्ठ मसान्त सम्म** | १२३६३ | १६१७४७ | १२०६३३९६०१.६१ |

*(श्रोत : प्रेम बहादुर महत, ब.सहायक निर्देशक, सा.सु. कोष)*

**जेष्ठ मसान्तसम्ममा कोषले गरेको बीमा दाबी भुक्तानीको विवरण**

| बीमा दाबी भुक्तानी शीर्षक | संख्या |
|---|---|
| औषधि उपचार,स्वास्थ्य तथा मातृत्व सुरक्षा दाबी भुक्तानी | १५३ |
| दुर्घटना तथा असक्तता दाबी भुक्तानी | १२ |
| आश्रित परिवार सुरक्षा दाबी भुक्तानी | ६ |
| उपदान दाबी भुक्तानी | १२ |




*सामाजिक सुरक्षा कोषद्वारा प्रकाशित 'सामाजिक सुरक्षा खबर' का लागि*

*संरक्षक :*
*कपिलमणि ज्ञवाली*
*सल्लाहकार :*
*विवेक पन्थी*

*सम्पादन समूह:*
*रोशन कोजू*
*दिनेशकुमार कोईराला*
*आनन्द वंश न्यौपाने*
*दिपकराज भट्ट*
*ऋषिराम पाण्डे*

*सामाजिक सुरक्षा कोष*
*बबरमहल, काठमाण्डौ ,नेपाल फोन: ४२५६१४४ र ४२५६३१५*
*ई-मेल: media@ssf.gov.np वेबसाइट: www.ssf.gov.np*

**Follow Us on:**

@ssfnepal2011

@ssf_nepal

Social Security Fund Nepal